म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३४९ | बुधवार ११ साउन २०७९ | ने. सं. ११४२ दिल्लागा | 27 July, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## एमाले मकवानपुरद्वारा विरोध प्रदर्शन

साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/ नेकपा एमाले मकवानपुरले हेटौंडामा सरकारविरुद्ध प्रदर्शन गरेको छ । प्रतिनिधिसभा र प्रदेश निर्वाचनको मिति घोषणा माग, बढ्दो महंगीविरुद्धका विषयमा प्रदर्शन भएको हो ।

एमाले मकवानपुरले संघीय निर्वाचनको मिति घोषणा गर्न, बढ्दो मंहगी, कालोबजारी, अभाव, भ्रष्टाचारको विरोध गर्दै र्‍यालीसहित प्रदर्शन गरेको हो । हेटौंडा उपमहानगरपालिका-५ पुष्पलाल पार्कस्थित जिल्ला पार्टी कार्यालयबाट सुरु भएको र्‍यालीसहितको प्रदर्शन बुद्धचोकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

एमाले मकवानपुरका अध्यक्ष एकलाल श्रेष्ठले परमादेशबाट बनेको गठबन्धन सरकार जनताप्रति गैरजिम्मेवार बन्दै गएको टिप्पणी गरेका थिए । उनले गठबन्धन सरकार जनताबाट अनुमोदित नभएको र जनताप्रति प्रतिबद्ध नरहेको आरोप लगाए ।

# निर्माणाधीन भ्युटावर क्षेत्रका रुख काटेपछि हेटौंडाका ७ जनाविरुद्ध वनमुद्दा

साझाकुरा संवाददाता





हेटौंडा, १० साउन/ हेटौंडा उपमहानगरपालिका-१४ ड्राइभरडाँडाका स्थानीयको आयआर्जन कृषि तथा पशुपालनसँग जोडिएको छ । अधिकांश स्थानीय कृषि र पशुपालनसँगै रोजगारीमा छन् ।

आफ्नो कर्म गरेर जीवनयापन गरिरहेका स्थानीयले २०७४ सालको निर्वाचनपछि नयाँ जनप्रतिनिधि पाए । जनप्रतिनिधिहरु कुर्सीमा बसेसँगै नयाँ योजनाको खोजीमा थिए । देशभरका स्थानीय तहले भ्युटावर बनाउने योजनालाई प्राथमिकता दिए जस्तै हेटौंडाका तत्कालीन जनप्रतिनिधिहरुले पनि १४ नम्बर वडाको ड्राइभरडाँडाको अग्लो भू-भागमा भ्युटावर बनाउने योजना अघि सारे । ड्राइभरडाँडाबाट बारा र मकवानपुरतर्फका भू-भाग सजिलै देख्न सकिने भएपछि यहाँ पर्यटकीय क्षेत्र बन्न सक्ने सम्भावनाबारे स्थानीयलाई सम्झाइबुझाई गरे ।

स्थानीयले पनि भ्युटावर बन्ने भएपछि आफ्नो गाउँमा आन्तरिक पर्यटक आउने र आयआर्जनका नयाँ बाटोहरु खोलिनुले सहजै स्वीकार्नु स्वभाविकै हो । तर, त्यही भ्युटावरका कारण अहिले ड्राइभरडाँडाका ७ जनाविरुद्ध वनमुद्दा चलेको छ । जसमध्ये ५ जना पर्सा राष्ट्रिय निकुञ्जको हिरासतमा छन् । आधा दर्जन बढी निकुञ्जको अनुसन्धान घेराभित्र छन् ।

उपमहानगरपालिकाले उनीहरुलाई भ्युटावर निर्माणसँगै स्थानीयस्तरमै होमस्टे सञ्चालन गरेर थप आयआर्जनमा जोड्न सक्नेबारे तालिम नै दियो । ड्राइभरडाँडाका कतिपयलाई पर्यटकीय क्षेत्र घान्द्रुक लगेर होमस्टे सञ्चालन सम्बन्धी जानकारी दिने कार्यमा उपमहानगर पनि लाग्यो ।

उपमहानगरले आर्थिक वर्ष २०७७/०७८ मा होमस्टे सञ्चालन उद्देश्यले भ्रमणका लागि ५ लाख खर्चसमेत गरेको छ । ड्राइभरडाँडा पर्यटकीय क्षेत्रको सम्भावना बोकेको क्षेत्र हो ।

तर, जनप्रतिनिधिहरुले पर्यटक आउने र आर्थिक हैसियत माथि उठ्ने आश्वासन दिँदादिँदै स्थानीयले हिरासतको हावा खानु परेको छ । यतिबेला ड्राइभरडाँडाका स्थानीय त्रासमा छन् ।

ड्राइभरडाँडामा बन्दै गरेको भ्युटावर नजिक रुख कटान गरेको आरोपमा थप कतिजना पक्राउ पर्ने हुन भन्ने त्रासले स्थानीय पीडित छन् । पर्सा राष्ट्रिय निकुञ्जले ३१ असारमा हरियाली मध्यवर्ती सामुदायिक वन समितिका पदाधिकारीसहित स्थानीय ७ जनालाई पक्राउ गरेको हो । पक्राउ परेकामध्ये २ जना घर फर्किएका छन् । उनीहरु ७० वर्षमाथि उमेरका ज्येष्ठ नागरिक भएकाले निकुञ्जले आवश्यक परेको अवस्थामा हाजिर गराउने जमानीमा छोडेको छ । बाँकी ५ जनालाई निकुञ्जले हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ ।

वन समितिसँग जोडिएका अन्य स्थानीयलाई पनि निकुञ्जले अनुसन्धानको घेरामा राखेको छ । निकुञ्जका सहायक वार्डेन सूचना अधिकारी सन्तोष भगतले ड्राइभर डाँडास्थित निर्माणधीन भ्युटावर नजिक जग्गा अतिक्रमण गर्ने उद्देश्यले रुख काटिएको आशंकामा ७ जनाविरुद्ध वनमुद्दा चलाएको जानकारी दिए । उनका अनुसार आरोपितमाथि १५ दिनको म्याद थप गरेर अनुसन्धान भइरहेको हो ।

हरियाली मध्यवर्ती सामुदायिक वन समिति पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्छ । वन क्षेत्रमै १४ नम्बर वडा कार्यालयले भ्युटावर निर्माण गरिरहेको हो । भ्युटावरमा आर्थिक वर्ष २०७६-०७७ मा ९ लाख ८९ हजार खर्च भएको छ ।

आव २०७७-०७८ मा पनि ९ लाख ८९ हजार नै खर्च भएको जनाइएको छ । भ्युटावर निर्माण भने भइसकेको छैन् ।

भ्युटावरको जग निर्माण गरेर भर्‍याङसहित पिल्लर ठड्याइएको छ । निकुञ्जका सहायक वार्डेन भगतका अनुसार रुख काट्नुको कारण खुलिसकेको छैन । 'भ्यूटावर बनिरहेकाले जग्गा अतिक्रमण गर्ने उद्देश्य काटिएको आशंका छ । अनुसन्धानकै क्रममा भएकाले ठ्याक्कै कारण नखुलेको हो', भगतले साझाकुरासँग भने ।

चुरियामाई उपभोक्ता समिति अध्यक्ष मिनबहादुर घलानले स्थानीयले नियतबस रुख नकाटेको बताएका छन् । घलानलाई पनि निकुञ्जले दिनभर नियन्त्रणमा लिएर साँझ छोडेको थियो । उनको मोबाइल फोनसमेत निकुञ्जकै नियन्त्रणमा छ ।

चुरियामाई उपभोक्ता समितिअन्तर्गत् हरियाली मध्यवर्ती सामुदायिक वनसहित चार वटा वन समिति छन् । हरियाली वनका पूर्वसचिवसमेत रहेका घलानले भ्यूटावर निर्माण समितिका स्थानीयलाई निकुञ्जबाट अनुमति पाएरमात्रै बनाउनु पर्छ भनेर आफूले सुझाव दिँदै आएको र स्थानीयले अञ्जानमै रुख काटेको उनको भनाइ छ । भ्यूटावर निर्माण हुँदापनि निकुञ्जसँग दुई पटक आदेश लिएको घलानले बताए ।

भ्युटावरनजिक सुरुमा एक जनाले लाथ्रा काटेपछि अरुले पनि काटेको घलानको भनाइ छ । उनले रुख काट्ने घटनामा आफू संलग्न नभएको बताए । सहायक वार्डेन भगतले साना-ठूला गरी करिब १ सय वटा रुख काटिएको जानकारी दिएका छन् । १४ नम्बरका वडा अध्यक्ष दीपक खड्काले भने टुक्रा र साना हाँगा काटेको दाबी गरेका छन् । उनले ठूला रुख नकाटेको तर, दाउराका लागि भने काटिएको बताए ।

उनले घटनाको सम्बन्धमा थप कुरा गर्न चाहेनन् । स्थानीय तहको अघिल्लो कार्यकालमा पनि उनै खड्का वडा अध्यक्ष थिए । भ्युटावरको विषयमा सबै जानकारी हुन नसकेको उनले बताए ।

# पराजुलीद्वारा हेटौंडा क्याम्पसको अध्यक्षमा पदभार ग्रहण

साझाकुरा संवाददाता



हेटौंडा, १० साउन/ हेटौंडा क्याम्पसको अध्यक्षमा आनन्दराम पराजुलीले मंगलबार पदभार ग्रहण गरेका छन् ।

शनिबार क्याम्पसको अध्यक्षमा निर्विरोध चयन भएका पराजुलीले मंगलबार पदभार ग्रहण गरेका हुन् । पदभार ग्रहण गरेलगत्तै पराजुलीले क्याम्पस व्यवस्थापन समितिको सदस्यमा दुईजनालाई मनोनित गरेका छन् ।

उनले मकवानपुर निर्माण व्यवसायी संघका अध्यक्ष श्यामसुन्दर ढकाल र अच्युत पराजुलीलाई हेटौंडा क्याम्पस व्यवस्थापन समितिको सदस्यमा मनोनित गरेका हुन् ।

पदभार ग्रहणपछि बसेको पहिलो क्याम्पसको बैठकमा बोल्दै अध्यक्ष पराजुलीले हेटौंडा क्याम्पसलाई प्राविधिक शिक्षालयको रुपमा विकास गरिने बताए । उनले मकवानपुरको मात्रै नभई बाहिरि जिल्लाको विद्यार्थीहरुलाई पनि आकर्षित गर्नेगरी हेटौंडा क्याम्पसलाई प्राविधिक शिक्षालयको रुपमा विकास गरिने बताएका हुन् । उनले हेटौंडा-१६ मा क्याम्पसले जग्गा पनि खरिद गरेको भन्दै उक्त स्थानमा क्याम्पसको शैक्षिक विकास गर्नको लागि भौतिक पूर्वाधार निर्माण गर्ने बताए । पराजुलीले उपमहानगरले क्याम्पसको शैक्षिक विकासको लागि थप सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । उनले आफ्नो नेतृत्वमा हेटौंडा क्याम्पसले जिल्लाको शैक्षिक क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताए ।


## हार्दिक बधाई



यस दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका शेयर सदस्य, रेडियो मकवानपुरका समाचार शाखा प्रमुख **राजन दाहाल (खुशराज)**, नेपाल प्रेस युनियनको केन्द्रीय सदस्यमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**डा.गणेश बल लामा (अध्यक्ष) एवम्**

**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

**हेटौंडा-२, पल्पसा रोड**


# थानकोट-चित्लाङ सडक कालोपत्रे गर्न माग



साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/ मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका र इन्द्रसरोबर गाउँपालिकाको 'समृद्धि ढोका'को रुपमा रहेको थानकोट-चित्लाङ सडकमा छिटो कालोपत्रे गर्न माग भएको छ ।

वर्षौंदेखि थानकोट-चित्लाङ सडक निर्माण सुरु गरिएपछि हालसम्म यसले पूर्णता पाउन सकेको छैन् । थाहा नगरपालिकाका जनप्रतिनिधिले थानकोट-चित्लाङ सडक स्तरोन्नति गरी कालोपत्रे गर्न माग गरेका हुन् ।

थाहा नगर प्रमुख बिष्णु बिष्टसहितको टोलीले सोमबार भौतिक योजना सचिव गोपालप्रसाद सिग्देलसमक्ष कालापत्रे गरेर छिटो सडक सुचारु गर्न माग गरेका हुन् । काठमाडौं आवतजावत गर्न उत्तरी क्षेत्रका सर्वसाधारणलाई थानकोट-चित्लाङ सडक निक्कै छोटो पर्छ । थाहा र इन्द्रसरोबरका स्थानीयले यस सडकमार्फत् करिब एक घण्टामै काठमाडौं पुग्न सक्छन् । थाहाका प्रमुख विष्ट, थाहा-९ का वडा अध्यक्ष राजकुमार बलामी, कांग्रेस नेता जयराम लामिछाने, विष्णुहरि ढकाल, सिताराम अर्याल, विनोद महर्जन, विश्वमान श्रेष्ठको टोली भौतिक योजना कार्यलय पुगेको हो । उनीहरुले सडक तत्काल सञ्चालनमा ल्याउन विस्तृत सर्वेक्षण गरी बजेट प्रबन्ध गरेर चालू आर्थिक बर्षमा कालोपत्रे गर्न माग गरेका हुन् ।

सचिव सिग्देलले सडक विभागका महानिर्देशक इन्जिनियर अर्जुनजंग थापासँग छलफल गरेर तत्काल सडकको पहिरो पन्छाएर खुलाउने र डीपीआर पुर्नमूल्यांकनलगायत प्राविधिक काम सक्ने प्रतिबद्धता जनाए ।

थानकोट चित्लाङ सडकको सम्पूर्ण कार्य सम्पन्न गर्न थाहा नगरपालिका र चन्द्रागिरी नगरपालिकाले आवश्यक सम्पूर्ण सहयोग गर्ने विषयमा थाहा नगरका प्रमुख बिष्णु बिष्ट र चन्द्रागिरी नगरका प्रमुख धनश्याम गिरीबीच सहमतिसमेत भएको छ ।


## हार्दिक बधाई



यस दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका संस्थापक शेयर सदस्य तथा सल्लाहकार **श्री आनन्दराम पराजुलीज्यू** हेटौंडा क्याम्पस व्यवस्थापन समितिको गरिमामय अध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाईसहित कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**डा.गणेश बल लामा (अध्यक्ष) एवम्**

**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

**हेटौंडा-२, पल्पसा रोड**

## कर्मचारी आवश्यकता

T.V.S **शोरूम**

यस हेटौंडा अटो मार्ट प्रालिका लागि कर्मचारी आवश्यकता भएकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**Accountant:** 1
**Store keeper:** 1

**सम्पर्क फोनः**
०५७-५९०४४६, ९८४५४५७०५१
सितल महलचोक-४



## सम्पूर्ण ब्राण्डका गाडी

## एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरूः**



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# विपत्तको तयारी खोई ?

बाढी, पहिरो र भूकम्प जस्ता प्राकृतिक विपत्तिबाट नेपाल प्रभावित छ । प्राकृतिक विपत्तिका कारण यहाँ हरेक वर्ष धेरैले ज्यान गुमाउने गरेका छन् । अघिल्लो वर्षको वर्खामा सिन्धुपाल्चोकको मेलम्चीमा पहिरोसँगै आएको बाढीले पुऱ्याएको जनधनको क्षतिले अझै स्थानीयको त्रास घट्न सकेको छैन । २०७२ सालमा आएको भूकम्पका कारण अझै नेपालीहरु त्रसित अवस्थामै छन् । भूकम्प प्रतिरोधी क्षमताका घर, सरकारी कार्यालयलगायतका अन्य संरचना निर्माण नहुँदा स्थानीयहरु अझै त्रासमै बस्न विवश छन् । पहिरो, बाढी, वनजंगलमा लाग्ने डँढेलो र आगलागीबाट हिउँदको समय जोखिम समय हुन् । सरकारी निकायहरुले प्राकृतिक विपत्तिबाट बच्न र नागरिकलाई बचाउन भरपर्दो उचित कार्यहरु गर्नु पर्दछ । तर, प्राकृतिक विपत्तिबाट जोगिन राज्य तहबाट कुनै सतर्कता अपनाइएको देखिँदैन । देशमा संघीय, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकार छन् । तीनै तहका सरकारले प्राकृतिक विपत्तिबाट बच्न जनचेतना फैलाउने भन्दा महत्वका काम गरेको नदेखिएको सर्वसाधारणहरुले नै गुनासो गर्नु लाजमर्दो अवस्था हो ।

बाढीबाट बच्न तारजालीको तटबन्धन धेरै निर्माण भएका छन् । तारजालीको तटबन्धन दीगो समाधानको उपाय हो त ? तारजालीले साना बहावका बाढीले रोकेपनि ठूलो बहावलाई रोक्न सक्दैन । प्राकृतिक विपत्ति कतिबेला, कहाँ आउँछ यसको कुनै ठेगान हुँदैन । यसकारण सरकारले हरेक वर्ष प्राकृतिक विपत्तिबाट बच्न भरपर्दो उपाय खोजेको नदेखिनु बिडम्बना हो । विपद आएपछि तयारी सुरु गर्ने चलनले धेरै नागरिकको ज्यान गइरहेको घटनाबारे राज्यको ध्यानाकर्षण हुन जरुरी छ । आउने वर्खामा हुन सक्ने विपत्तिलाई रोक्न के-के गर्नुपर्छ, कस्ता प्रयास गर्नु पर्छ, तयारीहरु के-के हुन् । समुदायस्तरमै विपद नियन्त्रण संयन्त्र बनाएर अघि बढ्दा राम्रो हुन्छ । त्यसका लागि पहिल्यै तयारी सुरु गर्नुपर्छ । प्राकृतिक विपत्तिको न्यूनीकरण र व्यवस्थापनमा काम गर्न नसकेको सरकारका कारणपनि नागरिक आफैं विपत्तिबाट सचेत हुनुपर्छ । पहाडमा पहिरो तथा तराईमा बाढी र डुबानबाट हरेक वर्ष सर्वसाधरण जनताले ज्यान गुमाउनुका साथै घाइते र बेपत्ता भइरहेकाप्रति राज्य गम्भीर हुनुपर्छ । यिनीहरुको उद्धार, राहत र पुनर्स्थापनामा सरकारले तदरुकता देखाएको देखिँदैन ।

संघीय सरकारले मात्रै नभई प्रदेश र स्थानीय सरकारले पनि प्राकृतिक विपत्ति रोक्न उपयुक्त कदम चाल्न सकेका छैनन् । वर्षा सुरु भएपछि वर्षैपिच्छे यस्तो क्षति नेपाल र नेपालीले भोग्नुपरिरहेको छ । त्यसैले जुनसुकै सरकारको पहिलो दायित्व विपद आउनुभन्दा अघि कसरी यसलाई न्यूनीकरण गर्न सकिन्छ भनी पूर्वानुमानअनुसार आफ्ना काम कारबाही र गतिविधि सञ्चालन गरिनुपर्छ । फेरि पुरानै गल्ती नदोहोऱ्याई नागरिकसँग प्रत्यक्ष जोडिएको स्थानीय सरकार गम्भीरतापूर्वक आफ्नो जिम्मेवारीपूर्ण रुपले निभाउन तत्पर हुनुपर्दछ । अग्रसर नहुन, स्रोतको अभाव नभई व्यावहारिक कमजोरी हुनु, विपत्तिको न्यूनीकरण र रोकथामका लागि छलफल र बहसको प्रक्रियाको थालनी सरकारले कहिल्यै पनि नगर्नु, विपत्तमा क्षतिबारे लेखाजोखा नगरी हचुवाको भरमा योजना बनाउनु, क्षतिको लेखाजोखा गरी यसको रोकथामका उपायहरु पहिल्याउनुपर्ने सरकार धेरै कुराबाट चुकेकाले विपत्तिबाट नागरिकले चयनको स्वाश फेर्न नसकेको गुनासो पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ साउन १२ गते बिहीबार २८ जुलाई २०२२ । श्रावण कृष्णपक्ष औंशी । दिल्लागा ११४२ । सूर्योदय: ५:२५, सूर्यास्त: ६:५४ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यापारबाट फाइदा हुनेछ | **तुला** | : मन पर्ने उपहार पाइने योग छ |
| **वृष** | : नयाँ काम गर्न जागर आउनेछ | **वृश्चिक** | : मन प्रशन्न हुने देखिन्छ |
| **मिथुन** | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ | **धनु** | : पढाइमा सहयोग मिल्नेछ |
| **कर्कट** | : रिसाउने बानीले हानि पुग्नेछ | **मकर** | : यात्रामा कष्ट मिल्नेछ |
| **सिंह** | : सामाजिक काममा रुचि बढ्नेछ | **कुम्भ** | : त्रासमय दिन हुनेछ |
| **कन्या** | : शरीरमा बाधा पुग्न सक्नेछ | **मीन** | : खानपिन राम्रो हुनेछ |

# ड्रागन खेतीबाट पतिको सपना पूरा गर्दै

शुरबहादुर सिंह

घरको सदस्य गुमाउँदा कुन परिवारलाई पीडा हुँदैन र ? त्यसमा पनि मातृत्व र पितृत्व दुवै त्यागेर रोजेको जीवन साथी अनि घरको मूल मान्छे गुम्दाको पीडा हरेक श्रीमतीका लागि अझ बढी असह्य हुन्छ । यद्यपि, सहनुको विकल्प पनि हुँदैन ।

त्यही असह्य पीडा छेडागाड नगर पालिकाको साल्मामा स्थायी घर भई हाल कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर नगरपालिका-१२ सुर्खेतस्थित नेवारेमा अस्थायी रूपमा बस्दै आएकी पद्मा रावतको जीवनमा पऱ्यो । विश्वव्यापी महाव्याधिका रूपमा फैलिएको कोरोना रोगका कारण पद्माले २०७८ वैशाख १७ गते पति बीरबहादुर बुढा गुमाउनु पऱ्यो ।

विसं २०७७ मा मालिका कृषि तथा ड्रागन फ्रुट फर्म स्थापना गरी ड्रागन फ्रुट खेतीबाट कर्णालीको नमूना व्यवसायी बन्ने सपना बुनेर बुढा ड्रागनको बेर्ना लिन २०७७ चैतको अन्त्यतिर भारतको गुजरात पुग्नुभयो । त्यतिबेला भारतमा दोस्रो लहरको कोरोना संक्रमणको निकै ठूलो त्रासदी थियो । भारतमा कोरोना व्यापकरूपमा फैलिँदै गएपछि वैशाखमा नेपालमा पनि बन्दाबन्दी गरिएको थियो ।

बेर्ना लिएर नेपाल फर्केको केही दिनपछि उहाँलाई कोरोना संक्रमण देखियो । “कोरोना संक्रमण देखिएपछि उहाँ आफैँले एम्बुलेन्स बोलाएर कर्णाली प्रदेश अस्पताल सुर्खेतमा जानुभएको थियो । त्यतिबेलासम्म स्वास्थ्यमा त्यति समस्या थिएन ।” पद्माले भन्नुभयो, “दुर्भाग्य: अस्पतालको आइसोलेसनमा केही दिनपछि उहाँको निधन भयो । बीरबहादुरको निधनले परिवारको भरोसाको खम्बा ढल्यो ।

पति वियोगले उहाँलाई केही समय सम्हालिन गाह्रो भयो । असह्य पीडाले जीवन आँसुको आहालमा परिणत भयो । मावि तथा आधारभूत तहमा पढ्दै गरेका छोरी र छोराले पितृत्वको अभावको महसुस गर्न थाले । पद्मालाई जीवन पतझर शिशिरको जस्तो लाग्न थाल्यो । तरपनि छोराछोरी हेरेर चित्त बुझाउनुको विकल्प थिएन उहाँलाई ।

पतिले लाखौं ऋण लिएर सुरु गरिएको ड्रागन फ्रुट खेती डुब्दै जाने अवस्था आयो । उहाँको विछोडको पीडा एकातिर छँदैछ, अर्कोतिर त्यो ऋणको भारीबाट कसरी मुक्त हुने भन्ने चिन्ताले पद्मालाई पिरोल्न थाल्यो । सुरु गरिसकेको खेती छोड्ने अवस्था पनि थिएन र मूलत: ड्रागन फ्रुट खेती उहाँको पतिको जीवनको सपना थियो ।

पद्माको परिवार जाजरकोटको साल्मा पहाडबाट भित्री मधेशमा पर्ने सुर्खेत वीरेन्द्रनगरमा झर्दा धेरै मान्छेसँग चिनजान पनि थिएन । राम्रोसँग रहनसहन नभएको ठाउँमा मर्दा पर्दा गाउँको जस्तो सजिलै दु:ख-सुख बाँड्न सक्ने अवस्था हुन अझ परको कुरो भयो । झनै कोरोना रोगले मृत्यु भएको भन्ने सुनेपछि भेटघाटमा आउने आफन्त र अन्य शुभचिन्तकहरू चाहेर पनि भेट्न मान्दैनथे ।

पति विछोडको वेदना खेप्दै गर्दा रोगको प्रकृतिले पनि झनै पीडा दिलायो, रावतको परिवारलाई । त्यो बेला कोरोना रोग र त्यसबाट मृत्युको खबर सुन्नेहरू डरले नजिक नआएरै भाग्थे । कोभिड-१९ रोग लागेको भनेपछि समाजले पनि कमजोर र अपमानित दृष्टिकोणले नजर लगाउँथ्यो ।

समाजको यस किसिमको व्यवहारले पीडा भएर रावतको दैनिकी आँसुको आहालमा परिणत हुन्थ्यो । त्यसबेला उहाँले मृतक पतिको सत्गद् आफ्नो संस्कार अनुसार पनि गर्न पाउनुभएन । पतिको अवसानको अन्तिम क्षण त्यो मृत भौतिक अनुहार हेर्न नपाएरै टाढैबाट हात हल्लाएर विदाई गर्नुपऱ्यो ।

“पीडा र आँसुको आहालबाट तङ्ग्रिन गाह्रो त भयो नै । तथापि संसारलाई हेरें, अनि चित्त बुझाउँदै शोकलाई शक्तिमा बदलेर पतिको सपनालाई पूरा गर्ने दृढ सङ्कल्प मनमनै गरें,” पद्माले भन्नुभयो, “छोरा छोरी साथमै छन् । अब धेरै बिलौना गरेर बाँकी जीवन चल्दैन भन्ने लाग्यो र त्यस दिनदेखि उहाँले बनाएको बाटोमा हिँड्न सुरु गरें ।”

दिवङ्गत बुढाले कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर नगरपालिका(१२ सुर्खेतस्थित नेवारेमा करिब ३० कट्ठा क्षेत्रफलको जग्गा लिजमा लिएर ड्रागन फ्रुटको बिरुवा रोप्नका लागि ६३४ सिमेन्टको खम्बा ठड्याइसक्नुभएको थियो । विसं २०७८ वैशाख पहिलो सातासम्म करिब ८५ प्रतिशत काम भइसकेको थियो ।

पतिको निधनपछि फर्म सञ्चालकको जिम्मेवारीले ड्रागनका बिरुवा भने पद्माले रोप्नुभयो । एउटा खम्बामा चारवटाको दरले रोप्दा ६३४ खम्बामा करिब दुई हजार ६०० ड्रागनको बिरुवा लगाइएको उहाँले बताउनुभयो । उहाँका अनुसार बिरुवा लगाउँदा कसरी फल्छ र यसको गोडमेल कसरी गर्नुपर्दछ भन्ने त्यति सुझबुझ थिएन ।

प्राविधिक ज्ञान, आर्थिक अभाव र जनशक्ति व्यवस्थापन विना अन्धाधुन्दा खेती सुरु गरेको उहाँले बताउनुभयो । पद्माले भन्नुभयो, “यो कस्तो ठाउँमा बढी उत्पादन हुन्छ ? कति पानी चाहिन्छ ? काँटछाँट कसरी गर्ने ? कति पछि र कस्तो फल दिन्छ ? भन्ने कुराको हामीलाई त्यति ज्ञान नै थिएन । यो त उहाँलाई मात्र थाहा थियो ।”

बीरबहादुरले भने दाङ, चितवन लगायतका नेपालका विभिन्न ठाउँको ड्रागन फ्रुट खेतीको प्राविधिक र वातावरणीय पक्षको ज्ञान लिएर भारतको गुजरातबाट यसको बिरुवा ल्याउनुभएको थियो । त्यो प्राविधिक र वातावरणीय ज्ञान पद्मालाई जानकारी नहुँदै पतिको मृत्यु हुँदा खेती कसरी सुरु गर्ने भन्ने भेउ पाउन गाह्रो भयो । खेती सुरु गरेदेखि अहिलेसम्म रु ७० लाख बजेट लगानी भइसकेको पद्माले बताउनुभयो । उहाँका अनुसार कुनै सरकारी तथा गैरसरकारी निकायबाट सहयोग लिएको छैन । केही आफ्नो र धेरै ऋणकै भरमा लगानी गरेर ड्रागन फ्रुट खेतीलाई यो ठाउँसम्म पुऱ्याइएको छ । हेल्भटासले भने सिँचाइमा सहयोग गरेको थियो ।

मालिका कृषि तथा ड्रागन फ्रुट फर्मले करिब ३० कट्ठामा खेती गरिरहेको छ । वार्षिक रु तीन लाख भाडा तिर्ने गरी लिजमा लिएको उक्त जग्गा १५ वर्षका लागि सम्झौता गरिएको र हरेक वर्ष १० प्रतिशतले भाडा वृद्धि हुने उल्लेख गरिएको उहाँले बताउनुभयो ।

ड्रागनको फल बजार जान थालेपछि भने पद्माको परिवारमा खुशी छाउन थालेको छ । उहाँ भन्नुहुन्छ, “प्रतिकेजी रु ८०० को मूल्यमा फ्रुट बजारमा बिक्री भइरहेको छ । यो बालबालिकाले आइसक्रिम जस्तो मानेर बढी खाने भएकाले बजारमा माग निकै छ तर हामीले पुऱ्याउन सकिरहेका छैनौँ । अहिलेसम्म दुई क्विन्टल जति बिक्री गरिसक्यौँ ।”

पद्मालाई १७ वर्षीय छोरी सपना बुढाले ठूलो सहयोग गर्दै आउनुभएको छ । एसइई नतिजाको पर्खाइमा बस्नुभएकी सपनाले बुबाको सपना पूरा गर्नेमा आफ्नो पनि हिस्सा रहेको बताउनुभयो । “सायद बाबाले आफ्नो सपना पूरा गर्न मेरो नाम पनि सपना राख्नुभएको थियो”, उहाँले भन्नुभयो, “त्यसैले यही खेतीलाई नमूना बनाएर बाबाको सपना पूरा गर्छु ।”

सपनाले आमासँग काम गर्दै यो खेतीका बारेमा धेरै सिकेको बताउनुभयो । उहाँका अनुसार एउटा पिलरमा लगाइएको बिरुवाबाट तीन केजीसम्म फ्रुट फल्ने गर्छ र महिनामा दुई लट दिने यो फल जेठदेखि असोजसम्म फल दिन्छ । यस हिसाबले उनीहरूले सामान्यतया एक महिनामा तीन हजार ६०० र पाँच महिनामा १८ हजार केजी ड्रागन फ्रुट उत्पादन हुन्छ ।

फ्रुट उत्पादनसँगै ड्रागनको बेर्ना पनि फर्मले उत्पादन गरेर रु २०० मा बिक्री गर्दै आएको छ । आफूले बुझेअनुसार एक पटक लगाएको ड्रागनको बिरुवाले २० देखि ३० वर्षसम्म फल दिने सपनाले बताउनुभयो ।

विगतमा कृषिबारे कुनै ध्यान नभएपनि एसईईको नतिजापछि ड्रागन फ्रुट खेती गर्न सहयोग पुग्ने प्राविधिक विषय लिएर उच्च शिक्षा पढ्ने लक्ष्य राखेको उहाँले जनाउनुभयो । ड्रागन फ्रुट बिक्रीले बुढा परिवारलाई पछिल्लो समयमा घर खर्च चलाउन, बालबालिकाको पढ्न सहयोग पुगेको छ । अब भने आम्दानी बढेर यो खेतीका लागि लगानी गरिएको ऋण तिर्न मद्दत पुग्ने उनीहरूले अपेक्षा गरेका छन् ।

कृषि विकास निर्देशनालय कर्णाली प्रदेश सुर्खेतका निर्देशक चित्रबहादुर रोकायले एकल महिलाको प्रयासले गरिएको खेती वर्णन गर्न लायककै भएको बताउनुभयो । उहाँले भन्नुभयो, “फर्मको उत्पादन र विकास यही रफ्तारमा गयो भने यसले आम्दानी राम्रो दिने देखिन्छ । वार्षिक रु छ लाख आम्दानी भन्दा कम हुँदैन ।”

उहाँले मालिका ड्रागन फ्रुट फर्मलाई रु.८० हजारसहित एकहाते ट्याक्टर पनि सहयोग गरिएको बताउनुभयो । निर्देशक रोकायका अनुसार पद्मा रावतसहित कर्णाली प्रदेशमा अहिले आठ हेक्टर अर्थात पाँच विगाहा क्षेत्रफल जमीनमा ड्रागन फ्रुट खेती भइरहेको छ । ड्रागन फल गमी र सुख्खा हावापानीमा हुने सिउँडी प्रजातिको फलफूल हो ।

यसको लहरा ड्रागनको जिब्रो जस्तै हुने हुँदा यसलाई ड्रागन फल भनिएको हुनसक्छ । यस फलको स्वाद गुलियो र अमिलो पनाको मिश्रित हुन्छ । यसको काण्ड कमजोर हुने भएकाले खम्बा वा अन्य चिजको सहारा आवश्यक पर्दछ ।

कर्णाली प्रदेशमै बिना कुनै सहयोगमा एकल महिला पद्मा बुढाको एक प्रयासमा गरेको ड्रागन फ्रुट खेती दुई साताअघि कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री चन्द्रबहादुर शाहीले अवलोकनको साथै उद्घाटन गर्नुभयो ।

त्यहाँ पुग्नुभएको मन्त्री शाहीले एकल महिलाको एकल प्रयासले भएको सफलताको उच्च प्रशंसा गर्नुभयो । “कृषिका माध्यमबाट कर्णालीको अर्थतन्त्र र आत्मनिर्भरता बढाउन योगदान दिने कृषि व्यवसायीहरूमा रावत एक उदाहरणीय पात्र हुन्,” उहाँले भन्नुभयो, “सरकारले व्यावसायिक खेती गरेर कर्णाली प्रदेशलाई माथि उठाउन सहयोग पुऱ्याउने कृषकहरूलाई विशेष प्रोत्साहन दिन्छ ।”

मन्त्री शाहीले स्वाभिमानी र पौरखी व्यक्तिहरूका कारण कृषि क्षेत्रको व्यावसायिकता बढ्ने जनाउँदै फर्मका सञ्चालक रावतलाई ड्रागन फ्रुट उत्पादनपछि बिक्रीमा समस्या हुन नदिने आश्वासन दिनुभयो । उहाँका अनुसार बिक्री वितरणमा समस्या भएमा प्रदेश सरकारले सहजीकरण गरिदिने छ ।

काम गर्दै सिकेको ज्ञान र बाध्यात्मक रुपले थपिएको जिम्मेवारीले गरेको खेती भएकाले व्यावसायिक बन्न केही समय लाग्ने उहाँको बुझाइ छ । “पूर्वमन्त्री तथा ड्रागन व्यवसायी लोकेन्द्र विष्ट मगरले दाङमा गरेको ड्रागन फ्रुट खेतीको अवलोकन गरियो,” उहाँले भन्नुभयो, “त्यहाँको ड्रागन फ्रुट सेतो रङको रहेछ । दाना भने ठूलो रहेछ ।”

उक्त खेती अवलोकन गर्न र त्यहाँको अनुभव लिन शुल्क तिर्नु परेको क्षणबारे सुनाउँदै उहाँले आफू व्यावसायिक बन्न नसकेको अनुभूति प्रकट गर्नुभयो । ड्रागन फ्रुट खेतीको वरिपरि बलियो बार नहुँदा चोरहरूले फल चोर्न थालेको उहाँले दुखेसो पोख्नुभयो । उहाँका अनुसार कर्णाली प्रदेश सरकारले चालु आव २०७९/८० मा सिँचाइका लागि एउटा बोरिङ खन्दिने वचन दिएको छ । *-रासस*

# नयाँ ‘डिस्कोर्स’मा नेपाली राजनीति



चम्फासिंह भण्डारी

नेपाली राजनीतिमा अनेकन नयाँ नयाँ बहसको थालनी भैरहेका छन् । अहिले बहसमा रहेका राजनीतिक विषयलाई हेर्दा आगामी राजनीति कसरी अगाडि बढ्दैछ भन्ने कुरा सामान्य नागरि कलाई बुझ्न कठिनजस्तै छ । एकातिर नेपाली काँग्रेसको नेतृत्वमा रहेको पाँच दलीय गठबन्धन यथावत छ भने अर्कोतिर गठबन्धनका प्रमुख राजनीतिक दलका नेताहरुको दिल्ली दौड रोकिएको छैन । एकातिर नेपाली नागरिकहरुको तर्फवाट वाममोर्चा निर्माणका लागि एकखालको दवाव जारी छ भने अर्कोतिर समाजवादी केन्द्र निर्माणका बहसहरु सार्वजनिक भैरहेका छन् ।

नेपाली काँग्रेसका सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवा अर्को चुनावपछि पत्नी आरजु राणा देउवालाई प्रधानमन्त्रीको कुर्चीमा विराजमान गराउने रणनीतिमा रहेका छन् भने माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड आगामी निर्वाचनपछि आफू प्रधानमन्त्री बन्ने रणनीतिमा लागेका छन । यद्यपी नेपाली काँग्रेसभित्रै सभापति देउवाको रणनीतिका विरुद्धमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले चुनौती सिर्जना गरिरहेका छन् । आगामी निर्वाचनपछि गगन थापालाई किन प्रधानमन्त्री नबनाउने ? बहस सार्वजनिक गर्दै महामन्त्री विश्वप्रकाश शर्मा उत्साही बनेका छन् ।

नेकपा एमाले आगामी निर्वाचनपछि अध्यक्ष केपी शर्मा ओली नै प्रधानमन्त्री बन्ने विचार अगाडि सार्दै एक्लै संघ तथा प्रदेशको निर्वाचनमा प्रतिस्पर्धा गरी बहुमत ल्याउने दावी प्रस्तुत गर्दै आईरहेको छ । राष्ट्रियसभा सदस्य तथा नेपाली काँग्रेसका नेता राधेश्याम अधिकारीले निर्वाचनपूर्व कुनै गठबन्धन आवश्यक नभएको विश्लेषणलाई आधार मान्ने हो भने नेकपा एमालेको एक्लै प्रतिस्पर्धा गरी प्राप्त जनमतका आधारमा अघि बढ्ने निष्कर्ष वस्तुत: सही छ भन्न सकिन्छ । निर्वाचनपछि प्राप्त जनमतका आधारमा कुनै गठबन्धन निर्माण भए त्यो सहज र तथ्यपरक बन्न सक्छ ।

**स्थिति के हो ?**

यो आलेख तयार पार्दासम्मका बहसलाई केलाउने हो भने आगामी पाँच वर्ष फेरि पनि नेपालका प्रमुख राजनीतिक दलका मुखियाहरुले देशको कार्यकारी प्रमुख प्रधानमन्त्रीको पद आफूवा परिवार वा आफन्तबाहेक अरुलाई दिनु हुँदैन भन्ने मानसिकतामा कुनै परिवर्तन आएको छैन । उमेर, योग्यता, क्षमता, स्वास्थ्य जस्तो भएपनि नेपालका राजनीतिक दलका प्रमुखहरुको सत्तामोह भंग भएको छैन । र, आफूलाई कसरी सुरक्षित राख्ने एकसूत्रीय रणनीति बनाउँदै आगामी निर्वाचनका लागि तयार गर्ने योजनामा रातदिन खटेका छन् । नेपालका राजनीतिक दलका प्रमुखहरुको यही रवैयाले आम नेपाल नागरिकमाझ राजनीतिक दलहरुको ओज र विश्वासमा निरन्तर स्खलन भैरहेको छ ।

परिणामस्वरुप कहीं स्वतन्त्र पार्टी गठन हुने, कहीं स्वतन्त्र अभियानहरु सञ्चालन हुने र ती अभियानलाई आम नागरिकको विश्वासप्राप्त भएको प्रमाण संकलन गरी राजनीतिक दलहरुकै नेता कार्यकर्ताहरूले सघाउने परिस्थिति निर्माण भैरहेको छ, जुन संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका लागि सबैभन्दा खतरनाक परिस्थिति हो ।

आजको दिनमा नेपालमा जति राजनीतिक दल चुनावमा भाग लिन चाहन्छन्, उनीहरु एक्ला एक्लै आफ्नो पार्टीको निर्वाचन चिन्ह बोकेर जनताको बीचमा जाने र मत माग्ने हो भने देशको राजनीतिले फेरि पनि लय समाउन सक्छ । यद्यपि नेपालले अंगीकार गरेको विद्यमान निर्वाचन प्रणालीका कारण कुनै एकदलीय बहुमत प्राप्त नहुन सक्छ । तर निर्वाचनपछि बन्ने गठबन्धन प्राकृतिक हुने र त्यसलाई बाध्यात्मक परिस्थिति ठानी आम नागरिकले पनि अस्वीकार गर्न नसक्ने अवस्था सिर्जना हुन सक्छ ।

नेपालका राजनीतिक दलहरुसंग अहिले बहसमा रहेको दुई दलीय राजनीतिक प्रणाली स्थापित गर्ने, त्यसका लागि नेपाली काँग्रेस लगायतका लोकतान्त्रिक शक्तिहरु एकातिर र नेकपा एमाले, माओवादी केन्द्र समाजवादी, माले, जनमोर्चा नेपाल लगायतका वामपन्थी दलहरु एकातिर मोर्चाबन्दी गरेर निर्वाचन लड्दा त्यसले देशमा राजनीतिक स्थिरता दिन सक्ने विश्लेषण गरिदै आएको छ । दलीय चरित्र, सिद्धान्त र विचारका हिसावले यी दुई लोकतान्त्रिक तथा वाममोर्चा बन्दा सबैभन्दा बढी प्राकृतिक र आम नागरिकको रुचिको विषय बन्छ र यसले नेपालको राजनीतिलाई स्थिरता, विकास र समृद्धिको बाटोमा अघि बढाउन योगदान गर्ने छ । यस्ता मोर्चा बनाउन नेपाली काँग्रेस र अन्य कम्युनिष्ट पार्टीहरुका लागि सहज विषय भएपनि खास गरी नेपालका कम्युनिष्ट पार्टीहरुभित्र रहेका गञ्जागोल विचार, कार्यशैली र व्यवहारले असहज बनाउँदै आएको देखिन्छ ।

**अब के गर्न सकिन्छ ?**

नेपालको राजनीतिलाई सही बाटोमा लैजाने हो भने नेताहरुले भन्दै र गर्दै आएका चमत्कारिक निर्णय गर्ने बेला आएको छ । पहिलो चमत्कारिक निर्णय वामपन्थी मोर्चा र लोकतान्त्रिक मोर्चाको निर्माण र परिचालन गरी आगामी निर्वाचनमा जाने र मुलुकमा राजनीतिक स्थिरता प्रदान गर्ने । दोश्रो चमत्कारिक निर्णय हो, सबै राजनीतिक पार्टीहरु एक्ला एक्लै आफ्नो पार्टीको निर्वाचन चिन्ह लिएर आगामी निर्वाचनमा सहभागी हुने ।

तेश्रो चमत्कारिक निर्णय हो, अब केपी शर्मा ओलीको ठाउँमा शंकर पोखरेल, गोकर्ण विष्ट, छविलाल विश्वकर्मा, शेरबहादुर देउवा वा आरजु देउवा होइन, गगन थापा र विश्वप्रकाश शर्मा, पुष्पकमल दाहालको ठाउँमा वर्षमान पुन,देव गुरुङ, माधव नेपालको ठाउँमा जगन्नाथ खतिवडा र बिजय पौडेललाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरी अघि बढ्ने ।

नेपालका कम्युनिष्ट आन्दोलनका अगुवाहरु सीपी मैनाली, झलनाथ खनाल, माधव नेपाल, केपी शर्मा ओली, बामदेव गौतम, पुष्पकमल दाहाल, नारायणमान विजुक्छे, चित्रबहादुर केसी, मोहन वैद्य, मोहनविक्रम सिंहले एउटा कुशल अभिभावकका रुपमा सल्लाहकारको भूमिकामा बस्ने, लोकतान्त्रिक मोर्चाका रहने नेपाली काँग्रेसका सभापित शेरबहादुर देउवा, महन्त ठाकुर, विजय गच्छदार, बाबुराम भट्टाई, राजेन्द्र महतो अभिभावकका रुपमा बसी बाँकी आन्दोलन, निर्वाचन र शासन प्रणालीलाई युवा पुस्तालाई हस्तान्तरण गर्ने अर्को चमत्कारिक निर्णयमा पुग्नु अहिलेको आवश्यकता हो ।

यो ऐतिहासिक अभिभारा पुरा गर्दा सिंगो वाम लोकतान्त्रिक आन्दोलनको उचाई बढ्ने र आम श्रमजीवी सर्वहारा वर्गमा उत्साह सिर्जना हुनेछ । नागरिकमा पैदा हुने यही उत्साहले नेपालका राजनीतिक दलहरुप्रतिको नागरिक विश्वास बढ्नेछ । साथै, नेपालका संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र राजनीतिक स्थिरतामार्फत मुलुकको विकास प्रक्रियाले गति लिनेछ । सबै राजनीतिक दलका कार्यकर्ता उत्साही बन्ने र त्यसले राजनीतिक दलमा रहेका युवामा आफ्नो पालो आउने विश्वास सिर्जना हुँदै मुलुक निर्माणमा युवा आन्दोलनको ऐक्यवद्धता बढ्नेछ ।

**निष्कर्ष**

नेपालमा हरेक डेढ दुई दशकमा राजनीतिक प्रणाली र राज्यको संरचना परिवर्तन गरि नै र हने हो भने देशमा राजनीतिक अस्थिरता, अराजकता बढ्ने र देशको अर्थतन्त्र टाट पल्टिदै जानेछ । अहिले संघीयता खारेज गर्ने,प्रदेश खारेज गर्ने वा स्थानीय सरकारको अधिकार खोस्ने जस्ता अनावश्यक बहसबाट देश उभो लाग्ने होइन ।

बरु नेपालका राजनीतिक दलका प्रमुखहरुले देशको कार्यकारी प्रमुख पदमा अब नजाने, युवालाई त्यस्ता पदमा जान प्रोत्साहन गर्ने र क्रियाशील उमेर समूहका नेताहरुलाई जिम्मेवारी हस्तान्तरण गरी मुलुकलाई समृद्ध बनाउने योजना बनाई त्यसको कार्यान्वयनमा सघाउने, सबै खालका विचौलिया र शक्ति केन्द्रहरुलाई विदा गर्दै राज्यलाई नागरिकप्रति जवाफदेही र उत्तरदायी बनाउन सुशासनको व्यवहारिक प्रत्याभूति प्रदान गर्नु अहिलेको आवश्यकता हो ।

शासन प्रणाली, राज्यको संरचना परिवर्तन होइन, हाम्रो सोच, चिन्तन, मानसिकता, व्यवहार र कार्यशैलीमा परिवर्तन आवश्यक छ । यसका लागि राजनीतिक दलका प्रमुखहरु मूल रुपमा जिम्मेवार छन । राजनीतिलाई पेशा होइन, सेवाका रुपमा अघि बढाउनु आजको आवश्यकता हो । एक पटक प्राप्त गरेको शक्ति र पदलाई आजीवन बोकीराख्ने चिन्तन र प्रवृत्ति हटाइनुपर्छ ।

देश बनाउने, पार्टी बनाउने, देशका नागरिकलाई सहज सेवा प्रदान गर्ने, नागरिकका आधारभूत अधिकारको सुनिश्चितता, सबै नागरिकलाई भयमुक्त, भोकमुक्त वातावरणमा बाँच्न सक्ने अवस्थाको सिर्जना गरिनु पर्छ । नेपालका प्राकृतिक श्रोतसाधनको समुचित प्रयोग, पहिचान र संरक्षण मार्फत युवालाई आफ्नै देशमा रोजगारी प्रदान गरिनु पर्छ । सबै छिमेकी मुलुकसंग असंलग्न परराष्ट्र नीतिका आधारमा असल सम्बन्ध निर्माण गरी नेपाललाई विश्वमा शक्तिशाली मुलुकका रुपमा रुपान्तरण गर्ने अहिलेको आवश्यकता हो ।

*लेखक भण्डारी सामाजिक अभियन्ता हुन् ।*

-साभार: रातोपाटी

# यौनजन्य हिंसाका घटना बढ्दै



भरतपुर, १० साउन (रासस)/ चितवनमा पछिल्लो तीन वर्षका अवधिमा यौनजन्य हिंसाका घटनामा वृद्धि भएको छ । जिल्लामा जबर्जस्ती करणी र बाल यौन दुरुपयोगजस्ता हिंसाका घटनामा वृद्धि भएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक नवराज अधिकारीले बताए ।

माइती नेपाल चितवनले सोमबार भरतपुरमा आयोजना गरेको मानव बेचबिखन तथा ओसारपसार र बाल यौन शोषण नियन्त्रणका लागि सरोकारवालासँगको अन्तर्क्रियामा प्रहरी उपरीक्षक अधिकारीले पछिल्ला वर्षहरूमा यौनजन्य घटनामा वृद्धि हुँदै गएको जानकारी दिए । उनले जिल्लामा आर्थिक वर्ष २०७६/७७ मा जबर्जस्ती करणीका ५१ घटना दर्ता भएकामा आव २०७७/७८ मा ६० तथा आव २०७८/७९ मा ६३ पुगेका जानकारी दिए । त्यस्तै बाल यौन दुरुपयोगका घटनामासमेत उल्लेख्य वृद्धि भएको उनको भनाइ छ ।

प्रहरी उपरीक्षक अधिकारीले आव २०७६/७७ मा पाँच बाल यौन दुरुपयोगको घटना भएको जनाउँदै आव २०७७/७८ मा १० तथा आव २०७८/७९ मा १७ घटना दर्ता भएका जानकारी दिए ।

बाल यौन दुरुपयोगका घटनामा विद्यालयका शिक्षकसमेत पीडक हुने गरी उजुरी आउन थालेका प्रहरीको भनाइ छ । त्यस्तै जिल्लामा मानव बेचबिखनका घटनामा भने कमी आएको कार्यक्रममा जानकारी दिइएको थियो । प्रहरीका जिल्लामा आव २०७६/७७ मा छवटा मानव बेचबिखनका घटना दर्ता भएको थियो । त्यस्तै आव २०७७/७८ मा चार तथा आव २०७८/७९ मा तीनवटा घटना मानव बेचबिखनसम्बन्धी दर्ता भएका थिए । जिल्लामा बालाअवस्थामै लागुऔषध सेवनकर्ताको संख्या बढेको भन्दै प्रहरी उपरीक्षक अधिकारीले बालश्रम शोषणका विभिन्न घटनासमेत हुने गरेको बताए ।

जिल्ला प्रहरी कार्यालयले बालबालिकामाथि हुने विभिन्न प्रकारका हिंसा, दुर्व्यसनी घटनाउने उद्देश्यले जनचेतनामूलक पाठ्यसामग्री तयार पारेको छ । ती पाठ्यक्रमलाई विद्यालयमा पढाउने गरी तयारी भइरहेको उल्लेख गर्दै उनले स्थानीय तहहरूसँग सहकार्य भइरहेको जानकारी दिए । कार्यक्रममा माइती नेपाल चितवनका प्रमुख ईश्वर गिरीले जिल्लामा बाल यौन शोषण र महिला बालबालिको बेचबिखनको वर्तमान अवस्थाबारे जानकारी गराएको थियो । सस्थाले महिला तथा बालबालिका, यौन हिंसा न्यूनीकरणका लागि काम गर्दै आएको उनले बताए ।

अप्ठ्यारोमा परेका बालबालिकाको उद्धार र शिक्षादीक्षा प्रदान गरी अभिभावकत्व ग्रहण गर्दै संरक्षण गृहमा राख्ने गरिएको संस्थाले जनाएको छ ।

सस्थाले सात वर्षको बालिकालाई भरतपुरकै एसओएस विद्यालय, एक बालकलाई हेटौँडाको मामाघर तथा तीन बालिकालाई टेरेसा एकेडेमी काठमाडौँमा भर्ना गराएको कार्यक्रममा जानकारी दिइएको थियो ।

हिंसापीडित छ महिलालाई ब्यूटीसियन तालिममा सहभागी गराएको बालविवाह न्यूनीकरण तथा बालिबालिकामाथि हुने हिंसा रोकथाममा पनि सस्था सक्रिय रहेको छ । सस्थाले बालिकाको संरक्षण तथा उनीहरूमाथि हुने हिंसाको सामना गर्दै न्याय दिलाउन नेदरल्याण्ड सरकारको सहयोगमा 'फ्रि अ गर्ल' परियोजना सञ्चालन गरेको छ ।

सन् २०२१ को अप्रिलबाट सुरु भएको परियोजना २०२२ को डिसेम्बरमा सकिने उनले जानकारी दिए । कार्यक्रममा कानुनी सहायता परियोजनाका गोमा न्यौपाने, देवघाटको रामजानकी आश्रमका अध्यक्ष सावित्री टण्डन, ट्रान्सपरेन्सी इन्टरनेशन चितवनका अध्यक्ष भीमबहादुर श्रेष्ठलगायतले मन्तव्य राखेको थियो ।

# नवौं राष्ट्रिय खेलकुदः सुरु भयो पोखरामा तयारी

कास्की, १० साउन (रासस)/ गण्डकी प्रदेशको राजधानी सहर पोखरामा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी सुरु गरिएको छ ।

कोरोना महामारी र पछिल्लोपटक स्थानीय तह निर्वाचनका कारण पटक-पटक मिति सर्दै आएको राष्ट्रिय खेलकुद आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेश र मुख्यगरी पोखरामा आयोजना हुने निश्चित भएपछि तयारीका काम अघि बढाइएको छ ।

करिब चार दशकपछि गण्डकी प्रदेशले राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनाको अवसर प्राप्त गरेको छ । विसं २०४० मा दोस्रो संस्करणको आयोजनापछि पोखरालाई नवौं संस्करण आयोजनाको मौका जुरेको हो । पछिल्लो समय राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले प्रतियोगिताको मिति घोषणा गरेर जिम्मेवारी बाँडफाँट गरेसँगै स्थानीस्तरमा पनि खेल पूर्वाधार निरीक्षण, खेलाडी प्रशिक्षणलगायतका काम अघि बढेको छ ।

प्रतियोगिता सञ्चालनका लागि राखेपले गठन गरेको खेलस्थल व्यवस्थापन उपसमितिले केही दिनयता कास्कीका विभिन्न खेलमैदान तथा पूर्वाधारको निरीक्षण गरेको छ । सो उपसमितिका संयोजक एवं रोखप सदस्य राजेशकुमार गुरुङको नेतृत्वमा सहारा क्लबको फुटबल मैदान, पोखरा-१९ स्थित गोष्टेघाट खेलमैदान, माछापुच्छ्रे गाउँपालिकाको महेन्द्र मावि खेलमैदान, हेमजाको गौरीशङ्कर खेलमैदान र नेपाली सेनाका खेलमैदान निरीक्षण गरिएको छ ।

संयोजक गुरुङले प्रतियोगिता पोखरा रंगशालामै सञ्चालन हुने भए पनि सहभागी टोलीको प्रशिक्षणलाई ध्यान दिएर अभ्यास मैदानको खोजी गरिएको बताए । खेल पूर्वाधारका लागि पोखराका विभिन्न वडामा निर्माण सम्पन्न भएका कभर्डहल र खेलमैदानको भरपुर उपयोग गरिने छ । उनले भने, "देशको गौरवको रूपमा रहेको राष्ट्रिय खेलकुदलाई भव्यताका साथ सम्पन्न गर्नका लागि अहिलेदेखि नै तयारीका काम अघि बढाएका छौँ । खेलस्थलको अनुगमन सुरु गरेका छौँ, पूर्वाधार कस्तो अवस्थामा छन्, के-के काम गर्नुपर्ने हुन्छ भनेर अनुगमन गर्छौं । प्रतियोगितामा सहभागी टोलीलाई अभ्यास र तयारीमा राम्रो सुविधा दिने योजना छ ।"

गण्डकी प्रदेश खेलकुद परिषद्ले पनि राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी सुरु गरेको छ । प्रतियोगिता आयोजनाको मुख्य जिम्मेवारी संघ सरकार मातहतको राखेपको भए पनि आफ्नो प्रदेशमा हुने प्रतियोगितालाई सफल बनाउन प्रदेश खेलकुद परिषद्ले पनि काम अघि बढाएको हो । परिषद्को सोमबार सम्पन्न पूर्ण बैठकले नवौं राष्ट्रिय खेलकुद तथा प्रदेशमा सञ्चालन हुने प्रतियोगिता सम्पन्न गर्ने गरी कार्य विभाजन गरेको सदस्यसचिव तेजबहादुर गुरुङले बताए । उनका अनुसार खेलस्थल व्यवस्थापन, अनुशासन तथा प्राविधिक उपसमिति, बसोबास व्यवस्थापन, स्वास्थ्य, यातयात व्यवस्थापन, सुरक्ष, प्रचार प्रसार, खेल सामग्री तथा पोशाक व्यवस्थापनलगायतका समिति गठन गरी जिम्मेवारी तोकिएको छ । परिषद्ले खेल सञ्चालन कार्यविधि-२०७९ स्वीकृतिका लागि युवा तथा खेलकुद मन्त्रालयमा पठाउने निर्णयसमेत गरेको छ ।

राष्ट्रिय खेलकुदको तयारी तथा टिम छनोट तथा बन्द प्रशिक्षणका लागि करिब सात करोड खर्च लाग्ने अनुमान रहेको सदस्यसचिव गुरुङले बताए । राष्ट्रिय खेलकुदमा दुई प्रदर्शनसहित ३८ खेल सञ्चालन हुने निर्णय यसअघि नै भइसकेको छ । अधिकांश खेल पोखरामा नै सञ्चालन हुनेछ । केही खेलको पूर्वाधार अझै पनि तयार हुनसकेको छैन ।

स्वीमिङ, सुटिङ र हक्की खेलको पूर्वाधार पोखरामा पनि छैनन् । पूर्वाधार नभएका खेल कहाँ खेलाउने भन्ने चिन्ता आयोजकलाई छ । प्रदेशका ११ वटै जिल्लामा कम्तीमा एक खेल सञ्चालन गर्ने योजना छ ।

लामो समयपछि हुन लागेको राष्ट्रिय खेलकुदको अपनत्व सबै प्रदेशवासीलाई दिन सबै जिल्लामा खेल आयोजना गर्न प्रस्ताव गरिएको भए पनि फुटबल, क्रिकेट, भलिबल, ह्यान्डबललगायत मुख्य-मुख्य खेलसहित अधिकांश खेल पोखरामा सञ्चालन हुने पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले बताए ।

उनले भने, "चार दशकपछि हुन लागेको प्रतियोगितामा सबैको अपनत्व होस् भनेर हामीले ३६ वटा खेलको खेलस्थल सिफारिस गरेर पठाएका छौँ । यसबारेमा राखेपले केही दिनमै निर्णय गर्ला ।

धेरैजसो खेल पोखरामै सञ्चालन हुने निश्चित छ ।" योगीका अनुसार प्रतियोगिता तयारीका लागि निर्माणाधीन खेल पूर्वाधार सम्पन्न गर्ने, भइरहेकाको स्तरोन्नति तथा प्रतियोगिताका लागि क्षमतावान् खेलाडीको खोजी, नयाँ खेलाडी उत्पादन र उनीहरूलाई प्रशिक्षण दिने गरी योजना निर्माण गरिएको छ ।

राष्ट्रिय खेलकूदको मुख्य आयोजनास्थल पोखरा रंगशालाभित्र 'इन्डोर' र 'आउटडोर' खेलका पूर्वाधार तयारी छन् । पोखरामा फुटबलको अन्तर्राष्ट्रिस्तरको रंगशाला, सुविधासम्पन्न बहुउद्देश्यीय कभर्डहल, ब्याडमिन्टन कोर्ट, भलिबल कोर्ट, टेनिस कोर्ट, क्रिकेट मैदानलगायत अधिकांश खेलका पूर्वाधार तयारी अवस्थामा रहे पनि केहीको मर्मत र स्तरोन्नति गर्नुपर्ने छन् ।

# जग्गा विवादले अस्पताल भवन निर्माण अलपत्र

मुग्लिन, १० साउन (रासस)/ चितवनको इच्छाकामना गाउँपालिकामा निर्माणाधीन अस्पताल भवन अलपत्र परेको छ । गाउँमै स्वास्थ्य सुविधा उपलब्ध गराउने उद्देश्यका साथ गाउँपालिकाले वडा नं ४ कुरिनटारमा विसं २०७७ देखि २५ शय्याको अस्पताल बनाउन सुरु गरेको थियो । तर अहिले जग्गा विवाद उत्पन्न भएपछि अस्पताल भवन निर्माण रोकिएको छ ।

तत्कालीन समयमा अस्पताल निर्माण सुरु गर्दा पुऱ्याउनुपर्ने मापदण्ड पूरा नगरी अस्पताल भवन निर्माण थाल्दा दुई वर्ष बितिसक्दा पनि अस्पताल निर्माणको कामले पूर्णता पाउन नसकेको हो ।

गाउँपालिकाले आर्थिक वर्ष २०७७/७८ को नीति, कार्यक्रम तथा बजेटमा ५० लाख बजेट विनियोजन गरी सर्वशान्ति क्याम्पसको पछाडिपट्टि सार्वजनिक जग्गामा अस्पताल निर्माण सुरु गरेको थियो । उक्त समयमा बोलपत्र प्रक्रिया गरी भवन निर्माणको काम सुरु गरेका थिए । उतिबेलै भवनको जग राख्ने कामसमेत सकिएको थियो । तर बीचमा जग्गाको स्वामित्वका विषयमा टुंगो लाग्न नसकेपछि हालसम्म पनि भवन निर्माणले पूर्णता पाउन सकेको हो ।

गाउँपालिकाले सार्वजनिक जग्गा भनेर निर्माण सुरु गरेको उक्त जग्गा वन कार्यालयले वन क्षेत्रभित्रको जग्गा जनाउँदै अस्पताल निर्माण रोकिदिएपछि अलपत्र परेको हो । करिब १० करोड लागत लाग्ने अनुमानका साथ भवन निर्माण सुरु गरिएको थियो ।

तत्कालीन गाउँपालिका अध्यक्ष गीताकुमारी गुरुङले गाउँपालिकाभित्रको जग्गा गाउँपालिकाले जुनसुकै प्रयोजनका लागि प्रयोग गर्न सकिने भएकाले आफूहरूले नागरिकको सुविधाका लागि अस्पताल भवन निर्माण थालेको बताए ।

नवनिर्वाचित गाउँपालिका अध्यक्ष दानबहादुर गुरुङले भने, "जग्गा अस्तालको स्वामित्वमा ल्याउनुपर्थ्यो, त्यसो नगरी भवन निर्माण सुरु गर्दा समस्या सिर्जना भएको हो ।" जग्गाको स्वामित्व अस्पतालका नाममा ल्याउने प्रयास जारी रहेको उनले बताए । यही आर्थिक वर्षभित्रमा अस्थायी भवन निर्माण गरी १५ शय्याको इच्छाकामना अस्पतालको सेवा भने सुरु गर्ने अध्यक्ष गुरुङले जानकारी दिए । उनले भने, "तत्कालका लागि अस्थायी संरचना निर्माण गरी इच्छाकामना अस्पतालको सेवा सुरु गरिनेछ भने रोकिएको भवन निर्माणको कामसमेत जग्गा प्राप्तिको प्रक्रिया पूरा गरी सुरु गर्नेछौँ ।"

सामान्यबाहेक अन्य स्वास्थ्य सुविधा लिनुपरे जिल्ला सदर मुकाम भरतपुर जानुपर्ने बाध्यता रही आएको छ । इच्छाकामना अस्पताल निर्माण भएमा इच्छाकामनासहित गोरखाको गण्डकी र सहिद लखन, तनहुँको आँबुखैरेनी र धादिङको बेनीघाट रोराङ गाउँपालिकाका जनताले समेत सेवा प्राप्त गर्ने जनाइएको छ ।

यस्तै संघीय राजधानी काठमाडौँ भित्रने र बाहिरिने मुख्य राजमार्ग र नारायणगढ-मुग्लिन सडकखण्ड यसै क्षेत्र पर्ने भएकाले यस क्षेत्रमा हुने सवारी दुर्घटनाका घाइतेलाई समेत उपचार गर्न सहज हुने देखिन्छ ।

# सम्पत्ति शुद्धीकरणबारे सदनलाई जानकारी गराउन माग

काठमाडौँ, १० साउन (रासस)/ प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसद गगनकुमार थापाले सम्पत्ति शुद्धीकरण (मनिलन्ड्रिङ) बारे अविलम्ब सदनलाई जानकारी गराउन सरकारसमक्ष माग गरेको छ ।

बैठकको शून्य समयमा बोल्दै सांसद थापाले सम्पत्ति शुद्धीकरणसम्बन्धी पर्याप्त कानुन बनिनसकेको र भएको पनि प्रभावकारीरूपमा कार्यान्वयन नभएको अवस्थामा मुलुकमा व्यापक कर छली र भ्रष्टाचार बढिरहेको सन्दर्भमा समष्टिगत मूल्यप्रणाली कमजोर रहेको विज्ञहरूले औँल्याइरहेको भन्दै वास्तविकता सार्वजनिक गर्न आग्रह गरे ।

फाइनान्सियल एक्सन टाक्सफोर्ससँग सम्बन्धित एसिया प्यासिफिक ग्रुप अन मनिलन्ड्रिङको नेपाल सदस्य हो । इपिजीको परस्पर मूल्याङ्कन आगामी अक्टोबर नोभेम्बरमा हुने सुनिएको र यस्तो मूल्याङ्कन मूलतः हाम्रो कानुनी व्यवस्था र कार्यान्वयन र यसको प्रभावकारिताका आधारमा गरिने भएकाले नेपाललाई कालोसूचीमा पर्न नदिन बेलैमा तयारी गरिनुपर्ने सांसद थापाको भनाइ छ ।

सांसद थापाले कालोसूचीमा परे विप्रेषण र आयातमा निर्भर नेपालजस्तो मुलुकको अन्तर्राष्ट्रिय बैंकिङ कारोबार बन्द हुने एलसी खोल्न नपाउने अवस्था आउन नदिने गरी तयारी गर्न आग्रह गरे । उनले भने, "मूल्याङ्कनका ४० सूचकाङ्कमा नेपालको अवस्था के छ, विज्ञहरूले आशङ्का गरेको जस्तो कालोसूचीमा पर्न नदिन सरकारले के कस्तो तयारी गरिरहेको छ, त्यो सदनलाई जानकारी गराउन माग गर्दछु ।"

# मन्त्री श्रेष्ठद्वारा बुद्धिचाल खेलाडीको बिदाइ

काठमाडौँ, १० साउन (रासस)/ ४४ औँ बुद्धिचाल ओलम्पियाडमा सहभागी हुने नेपाली टोलीलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री एवं नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले सफलताको शुभकामना दिँदै बिदाइ गरेको छ ।

भारतको चेन्नईमा यही साउन १२ देखि २४ गतेसम्म आयोजना हुने उक्त प्रतियोगितामा सहभागी हुने बुद्धिचाल खेलाडी टोलीलाई मंगलबार आयोजित एक कार्यक्रममा मन्त्री श्रेष्ठले उच्च मनोबलका साथ सहभागी हुँदै विजय हासिल गर्नका लागि शुभकामना दिएको हो ।

सन् २००४ मा स्पेनमा सम्पन्न ३६ औँबुद्धिचाल ओलम्पियाडदेखि लगातार सहभागी नेपालको पुरुष टोलीमा पुरुषोतम चौलागाईं, रुपेश जयसवाल, क्षितीज भण्डारी, विवेक थिङ र मिलन लामा रहेका छन् । धनबहादुर बोगटीले नेपाली टोलीको नेतृत्व गर्नेछन् । त्यसैगरी सन् २०१४ मा नर्वेमा सम्पन्न ४१ औँ बुद्धिचाल ओलम्पियाडबाट यात्रा थालनी गरेको नेपाली महिला टोलीमा सुजना लोहनी, कृतिसरा अधिकारी, अनिशा न्यौपाने, विनिता कपाली र शान्ति धिमाल छन् ।

महिला टोलीको जिम्मेवारी भने भुपेन्द्र निरौलाले पाएका छन् । टोली व्यवस्थापक रूपमा नेपाल बुद्धिचाल संघका महासचिव धरमबहादुर लामा रहेका छन् । संघका सचिवद्वय उमेश केसी र मोनालिशा खम्बु ४४औँ बुद्धिचाल ओलम्पियाडमा आर्विटरका रूपमा सहभागी हुँदैछन् ।

त्यसैगरी यही साउन १५ देखि २४ गतेसम्म आयोजना हुने अन्तर्राष्ट्रिय बुद्धिचाल महासंघ (फिडे) को ९३ औँ फिडे कंग्रेसमा नेपालका तर्फबाट नेपाल बुद्धिचाल संघका अध्यक्ष विदुरप्रसाद गौतमले प्रतिनिधित्व गर्नेछन् ।

कंग्रेसले फिडेको नयाँ कार्यसमितिसमेत निर्वाचित गर्नेछ । कंग्रेसअन्तर्गत आयोजना हुने विभिन्न बैठकमा सहभागिताका लागि नेपाल बुद्धिचाल संघका वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद रिजाल, उपाध्यक्ष नारायणदास गमाल, कोषाध्यक्ष ज्ञानेन्द्र महर्जनसहितको टोली बुधबार चेन्नई प्रस्थान गर्नेछ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark


टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मास्क अनिवार्य लगाउन सांसदहरूलाई सभामुखको आग्रह



काठमाडौँ, १० साउन (रासस)/ प्रतिनिधिसभाको मंगलबारको बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले कोभिड १९ को प'नः जोखिम बढेकाले आवश्यक सतर्कता अपनाउन र सदनमा भाग लिँदा अनिवार्य मास्क लगाउन आग्रह गरेको छ । बैठकमा सभामुखको आगुपछि सांसदहरूले मास्क लगाएको छ ।

# बेपत्ता परिवारले परिचयपत्र कहिले पाउँछन् ?



काठमाडौँ, १० साउन (रासस)/ प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसदहरूले बेपत्ता परिवारलाई चाँडोभन्दा चाँडो परिचयपत्र उपलब्ध गराउन माग गरेका छन् । बैठकको शून्य समयमा बोल्दै उनहरूले बेपत्ता छानबिन आयोगबाट सिफारिस भएर आएका फाइल अघि बढाई पीडितलाई राहत दिन माग गरे ।

सांसद आशाकुमारी विकले १७ वर्ष पुगिसक्दा पनि बेपत्ता परिवारले परिचयपत्र पाउन नसकेको भन्दै तत्काल परिचयपत्रको व्यवस्था गरी पीडितलाई राहत दिन सरकारसमक्ष माग गरे ।

सांसद इन्दुकुमारी शर्माले अहिले नेपालमा पाँच लाखभन्दा बढी नेपाली गैरकानुनी क्रिप्टोकरेन्सी कारोबारमा संलग्न रहेको र यसले बैंक तथा वित्तीय क्षेत्रमा पैसा अभाव हुन थालेको भन्दै यसलाई करको दायरामा ल्याउनुपर्नेमा जोड दिए ।

सांसद कमला रोक्काले रुकुमपूर्वको देउखोलादेखि चीनको नाकासम्म जोड्ने रणनीतिक महत्वको सडक निर्माणमा ढिलाइ भइरहेको भन्दै सरोकारवाला निकायको ध्यानाकर्षण गराए ।

सांसद कलिला खातुनले गण्डकी प्रदेशका हरेक क्षेत्रमा गरिएको कर वृद्धिले जनतालाई समस्या भएको भन्दै संघीय सरकारले प्रदेश सरकार सँग समन्वय गरेर कर वृद्धि रोक्न ध्यानाकर्षण गराए ।

सांसद कुमारी मेचेले किसानलाई चाँडो मल उपलब्ध गराउन माग गरे । सांसद कृष्णगोपाल श्रेष्ठले काठमाडौँको नागर्जुन नगरपालिका-८ मा हालै चितुवाको आक्रमणबाट एकै परिवारका धेरै व्यक्ति घाइते भएको र उक्त क्षेत्रको बफरजोनको पर्खाल भत्किएकाले जंगली जनावार गाउँ पस्ने क्रम बढिरहेकाले मर्मतका लागि सरकारको ध्यानाकर्षण गराए ।

सांसद कृष्णकुमार दाहालले काठमाडौँको वैकल्पिक राजमार्गका रूपमा रहेको कान्तिपथ निर्माणमा किन ढिलाइ भइरहेको छ भनी प्रश्न गरे । सांसद कृष्णबहादुर राईले मतदाता नामावली संकलन कार्यलाई सहज तुल्याउन सम्बन्धित निकायको ध्यानाकर्षण गराए ।

सांसद केदार सिक्देलले कञ्चनपुरकी निर्मला पन्तको हत्या भएको चार वर्ष बितिसक्दा पनि अपराधी पत्ता लगाउन नसकेको भन्दै घटनामा संलग्न दोषी पत्ता लगाई कानुनी कारबाही गर्न सरकारसमक्ष माग गरे । सांसद खेमप्रसाद लोहनीले अरुण खोलाको बाढीबाट २४ वर्षीया शर्मिला रानामगरको निधन भएको भन्दै घटनाका पीडितलाई राहत दिन माग गरे ।

सांसद गजेन्द्रबहादुर महतले सुर्खेत-जुम्ला सडक समयमै कालोपत्र गर्न माग गरे । सांसद गणेशकुमार पहाडीले सार्वजनिक सुनुवाइलाई कागजरहित बनाउने चालु आवको बजेटमा व्यवस्था भए पनि अझै कार्यान्वयन नभएको भन्दै राहदानी, राष्ट्रिय परिचयपत्रलगायत महन्वपूर्ण कागजात पूर्ण डिजिटलाइज गर्नुपर्ने माग गरे ।

सांसद गोमा देवकोटाले किसानले मल र विद्यार्थीले अझै पुस्तक नपाएको भन्दै तत्काल सहजीकरण गरिदिन सरकारसँग आग्रह गरे ।

सांसद गंगा चौधरी सदगौवाले निर्मला पन्तको हत्यारा पत्ता लगाई कानुनी कारबाही गर्न माग गरे । सांसद घनश्याम खतिवडाले स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाइनुर्नेमा जोड दिए ।

# ढल फुटेर जलमग्न बन्यो धोबीखोला कोरिडोर

काठमाडौँ, १० साउन (रासस)/ काठमाडौँ महानगर पालिका-५ स्थित रुद्रमती किनार अर्थात् धोबीखोला कोरिडोर एक हप्तादेखि ढल फुटेर जलमग्न भएको छ । ढल फुटेर सडक जलमग्न भएका कारण सवारी र पैदलयात्रामा समस्या भएको एक हप्तामा पनि यसको व्यवस्थापनमा सरोकार भएका निकायको ध्यान जान सकेको छैन ।

ढल फुटेर रुद्रमती (धोबीखोला) मा मिसिन थालेको छ । ढल जाम भएर घर-घरमा छिर्न थालेको स्थानीयवासी रमेश डङ्गोलले गुनासो गरे । धोबीखोला कोरिडोर बनाउनुअघि अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले ढल विच्छ्याएको थियो ।

त्यसबेला गुणस्तरीय काम नभएकाले प्रत्येक वर्ष वर्षाद्का सयमा यो सडकमा समस्या हुने गरेको स्थानीयवासीको भनाइ छ । वडाध्यक्ष वीरेन्द्र प्रजापति कालोपुलसम्म ढल जाम हुँदा यस क्षेत्रमा समस्या भएको बताउछन् । यस विषयमा अधिकार सम्पन्न वाग्मती समितिका इन्जिनीयरलाई जानकारी गराएर स्थलगत रूपमा पनि देखाएको उनले जानकारी गराए ।

अधिकार सम्पन्न वाग्मतीलाई देखाएको एक हप्ता पूरा भए पनि समस्या समाधानका लागि कुनै पहल भने भएको छैन । अधिकार सम्पन्न वाग्मतीले दुई दिनसम्म प्राविधिकलाई समस्या समाधानका लागि खटाएको जनाएको छ । समितिका सूचना अधिकारी कमल अर्याल त्यस क्षेत्रमा भूमिगत गरिएको विद्युत्को लाइनका कारण पनि ढल व्यवस्थापनमा समस्या भएको बताउछन् । वर्षाद्मा खोलामा पस्न नसकिने र ढलमा बालुवा भरिएकाले पनि पानी बाहिर आएको उनले सुनाए ।

# नेप्से परिसूचकमा उच्च अंकको गिरावट

काठमाडौँ, १० साउन (रासस)/ धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार उच्च अंकले ओरालो लागेको छ । आइतबार र सोमबार लगातार उकालो लागेको नेप्से परिसूचक मंगलबार भने उच्च अंकले ओरालो लाग्यो ।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ४४.८० अंकले ओरालो लागेर दुई हजार ८८.१६ मा ओर्लिएको छ । यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ८.९९ अंकले घटेर ३९८.३९ मा ओर्लिएको छ । कूल २२२ कम्पनीको ८७ लाख ४० हजार ५५७ कित्ता शेयर तीन अर्ब ७० करोड ४९ लाख ९८ हजार ३९८ मूल्यमा खरिद बिक्री भए ।

नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूहको शेयर मूल्य नै ओरालो लागेको छ । बैंकिङ २५.२८, व्यापार ५०.५७, होटल तथा पर्यटन ७८.८७, विकास बैंक ११४.४१, जलविद्युत् ४८.३१, वित्त ५२.३४, निर्जीवन बीमा १०३.५१, उत्पादन ९४.१६, अन्य ५७.४९, लघुवित्त ११०.४९, जीवन बीमा १३३.७१, सामूहिक लगानी कोष ०.१९ र लगानी १.७७ अंकले ओरालो लागेको छ । मंगलबारको कारोबारपछि बजार पूँजीकरण २९ खर्ब ८१ अर्ब ७६ करोड ३९ लाख २० हजार १६ बराबर रहेको छ । कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्षस्थानमा छ । सो कम्पनीको १९ करोड ३६ लाख ६७ हजार २६० बराबरको कारोबार भयो ।

यस्तै, अरुण काबेली पावर कम्पनी १५ करोड ५७ लाख आठ हजार ४०३, अरुण भ्याली हाइड्रो पावर १० करोड २४ लाख ५० हजार, हिमालयन डिस्टिलरी नौ करोड ८० लाख ५९ हजार १९६ र राधी विद्युत् कम्पनी आठ करोड ३५ लाख २९ हजार ९५७ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार मल्टीप्रपोज फाइनान्स कम्पनी ९.३२, सूर्योदय बोमी लघुवित्त ६.७२, युनाइटेड मोदी हाइड्रोपावर ६.१९, समृद्धि फाइनान्स कम्पनी ३.२३, बलेफी हाइड्रोपावरका लगानीकर्ताले ३.१५ प्रतिशतले कमाए । त्यस्तै, गणपति लघुवित्त ६.८२, रिभर फल्स पावर ५.९९, सप्तकोसी लघुवित्त ५.१३, पोखरा फाइनान्स ५.१० र गुह्यश्वरी मर्चेन्ट बैंकका लगानीकर्ताले ५.०३ प्रतिशतले गुमाए ।

# धार्मिक पर्यटन विकास समिति संयोजकमा महत

साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/ नेपाली कांग्रेस मकवानपुरको सचिव भीमसेन महत जिल्लाभित्रका धार्मिक पर्यटन क्षेत्रको एकीकृतरुपमा विकास गर्ने उद्देश्यले गठित समितिको संयोजकमा चयन भएका छन् ।

मंगलबार भएको भेलाबाट महत धार्मिक पर्यटन विकास समिति मकवानपुरको संयोजक चयन भएका हुन् । समितिको सहसंयोजकमा इश्वरीप्रसाद न्यौपाने, सचिव विनोद महत, सहसचिव बासुदेव खतिवडा र कोषाध्यक्ष राममान श्रेष्ठ चयन भएका छन् ।

सदस्यमा केदार चौलागाईं, रामानुज वाग्ले, चित्रप्रसाद भट्ट, जगन्नाथ पाण्डे, शालिकराम अधिकारी, अर्जुनप्रसाद तिमल्सिना, राजीव सुवेदी र रविन्द्र घिमिरे छन् । समितिले पहिलो चरणमा हेटौंडाभित्रका संरचना निर्माण भएका मन्दिरको गुरुयोजना बनाउने र स्थानीय तथा प्रदेश सरकारलाई बजेट विनियोजन गर्न आग्रह गर्ने उद्देश्य रहेको महतले जानकारी दिए । महतले भारतीय सीमा क्षेत्रका धार्मिक पर्यटकलाई मकवानपुर भित्र्याउन आवश्यक प्रचारप्रसार कार्य समितिले अगाडि बढाउने बताए ।



# मउवा संघद्वारा दुर्घटना बीमाको रकम हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/ मकवानपुर उद्योग वाणिज्य संघले सवारी दुर्घटनामा परी ज्यान गुमाएका परिवारलाई बीमा बापतको रकम हस्तान्तरण गरेको छ ।

मनहरी बजारका भाँडा पसलका सञ्चालक मृतक राजु रौनियारको परिवारलाई बीमा बापतको रकम दिइएको हो । रौनियारको २८ वैशाखमा घरको छतबाट लडेर मृत्यु भएको थियो । मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले बीमा बापतको ५ लाख रुपैयाँको चेक मृतक रौनियारका छोराहरु आनन्द र भगवानलाई प्रदान गरेका हुन् ।अध्यक्ष अग्रवालले व्यवसायिक हितका लागि बीमा अनिवार्य भएको मनहरीको घटनाले पुष्टि गरेको बताए । उनले अन्य व्यवसायीहरुलाई पनि समयमै संघको सदस्यता नवीकरण, व्यवसायिक र दुर्घटना बीमालगायतका कार्यक्रममा सहभागी हुन आग्रह गरेका छन् ।

रकम हस्तान्तरण कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवालसहित संघका कार्य समितिका सदस्यहरुकोसहभागिता रहेको थियो । मकवानपुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समिति सभापति नारायण सुवेदीको अध्यक्षतामा भएको कार्यक्रम उपाध्यक्ष गणेशमान मानन्धरलगायतको उपस्थिति थियो ।

# नगर विकास कोषमा मेयर लामाले लिइन् सपथ

साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/ काठमाडौंमा बसेको नगर विकास कोषको पहिलो बैठकमा हेटौंडा उपमहानगरपालिकाकी मेयर मिनाकुमारी लामाले सपथ लिएकी छन् ।

मंगलबार नगर विकास कोष सञ्चालक समितिको २०३ औं बैठक बसेको थियो । मेयर लामा कोषको सञ्चालकमध्ये एक हुन् । सहरहरुलाई सुन्दर र सफा बनाउने योजनासहित करिब ३ दशकअघि परिकल्पना गरिएको नगर विकास कोष आफ्नै हिसाबले काम गरिरहेको छ । मुलुक संघीयतामा गएपछि स्थानीय तहहरु स्वायत्त र बलिया भएका छन् । नगर विकास कोष भने आफ्नै शैलीमा काम गरिरहेको छ । २०४५ फागुन २ गते नगर विकास कोष स्थापना भएको हो । पहिले समितिको रुपमा स्थापना भएकोमा २०५३ सालमा नगर विकास कोष ऐनद्वारा स्वायत्त संस्था नगर विकास कोषको रुप दिइयो ।

कोषका सञ्चालकहरुमा पोखराका मेयर धनराज आचार्य, हेटौंडाकी मेयर लामा, सूर्योदय नगर इलामका मेयर रणबहादुर राई, लमही नगर दाङका मेयर जोगराज चौधरी, बौधीमाई नगर रौतहटका मेयर प्रदीपकुमार यादब, लम्कीचुहा नगर कैलालीकी मेयर सुशीला शाहीलगायत १४ जना छन् ।

बैठकमा कोषका सञ्चालक समितिका सदस्यहरुको स्वागत तथा सपथग्रहण र निवर्तमान सदस्यहरुको बिदाइ गरिएको थियो । कोषको आव २०७९/०८० को नीत, कार्यक्रम तथा तयारी उपसमिति गठन गरिएको छ । सन् १९८९ मा विश्व बैंकको २.२ मिलियन अमेरिकी डलर सहयोग प्राप्तिसँगै नगर विकास कोषले सहरी पूर्वाधार विकासमा वित्तीय लगानी प्रवाह गर्न थालेको हो ।

नगर विकास कार्यक्रमका लागि १९९५ मा जर्मन विकास बैंकमार्फत् प्राप्त ४.५ मिलियन युरो सहयोग ३२ नगरपालिकाको पूर्वाधार विकासमा खर्च गरिएको थियो । प्रथम चरणको कार्यान्वयन सफल भएसँगै जर्मन विकास बैंकमार्फत् कोषलाई सहयोग निरन्तर भएको हो । सन् २००० मा नगर विकास कार्यक्रमको दोस्रो र २०१० मा तेस्रो चरणको योजना सञ्चालन भएको थियो । विश्व बैंक, एसियाली विकास बैंक (एडीबी)लगायत दातृ निकायको सहयोग लिएर काम गर्दै आएको कोषले नगरपालिका क्षेत्रमा बसपार्क, उद्यान, व्यवस्थित बजार, प्रशासकीय भवन, विद्यालय भवन, अस्पताल भवन, खानेपानी, व्यापारिक भवनलगायत १ हजार २ सयभन्दा बढी आयोजना लगानी गरेको छ ।

कोषले नेपाल सरकार, विश्व बैंक, एडीबी, जर्मन विकास बैंक, जीआईजेड, युएनसीडीएफ, ईयु डेलिगेसन टु नेपाल आदि विकास साझेदारको वित्तीय तथा प्राविधिक सहयोग परिचालन गरिरहेको छ । कोषले हालसम्म सहरी पूर्वाधारका रुपमा बसपार्क, व्यावसायिक भवन, नगरपालिका भवन, स्कुल भवन, मनोरञ्जन पार्क, फोहरमैला व्यवस्थापन, ढल व्यवस्थापनलगायत आयोजनामा ९ अर्ब ६१ करोड ऋण तथा २ अर्ब २९ करोड अनुदान लगानी गरिसकेको छ ।

नगर विकास कोष भनेको नगरपालिकाहरुको प्राविधिक र आर्थिक सल्लाहकार हो । नगर पालिकाहरुको पूर्वाधार विकासमा वित्तीय लगानीका लागि कोष आर्थिक र प्राविधिकरुपमा सक्षम छ ।


## सम्पति विवरण समयमै बुझाऔं जरिवानाबाट बचौं

- सार्वजनिक पद धारण गरेको व्यक्ति तथा राष्ट्रसेवकले आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरौं ।
- आर्थिक वर्ष शुरु भएको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेश गरौं
- भ्रष्टाचारमा शुन्य सहनशिलता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मानव संसाधन विकासमा जापानको ३५ करोड सहयोग



काठमाडौं, १० साउन (रासस)/ नेपालको मानव संसाधन क्षेत्रको विकासका लागि जापान सरकारले ३५ करोड १५ लाख ४८ हजार ६७५ (३७ करोड ६० लाख जापानी येन) बराबरको सहयोग उपलब्ध गराउने भएको छ ।

अर्थ मन्त्रालयमा मंगलबार आयोजित कार्यक्रममा अर्थसचिव मधुकुमार मरासिनी र यहाँस्थित जापानी दूतावासका चार्ज डि अफेयर्स तामुरा ताकाहिरोले सहयोगसम्बन्धी सम्झौतापत्र आदानप्रदान गरे ।

द्विपक्षीय सहयोग सम्झौतामा भने अर्थमन्त्रालयका सहसचिव ईश्वरीप्रसाद अर्याल र जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)का प्रतिनिधि तानाका तोमोकोले हस्ताक्षर गरे ।

जापान सरकारले मानव संसाधनको विकासमा चरणबद्ध रूपमा छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ ।

सो कार्यक्रम अन्तर्गत २० जनाले स्नातकोत्तर र दुई जनाले विद्यावारिधि कार्यक्रमका लागि छात्रवृत्ति पाउने छन् । विश्वविद्यालयको खर्च, आवास खर्च, बीमालगायतमा खर्च गर्ने गरी सहयोग उपलब्ध भएको हो । स्नातकोत्तर कार्यक्रम दुई वर्षको र विद्यावारिधि तीन वर्षको हुनेछ ।

कर्मचारीले पाउने उक्त छात्रवृत्तिले प्रभावकारी रूपमा नागरिकको सेवा गर्ने भावनाको विकास गर्ने विश्वास लिइएको छ ।


## कर्मचारी आवश्यकता

यस एभोकाडो तथा अर्किड रिसोर्ट प्रा.लिलाई १ जना रेष्टुरेन्ट मेनेजर र १ जना बैंकेट मेनेजर आवश्यकता परेको हुँदा उक्त पदमा कम्तिमा २ वर्षको अनुभव भएकाले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क**
**एभोकाडो तथा अर्किड रिसोर्ट**
orchid.hetauda@gmail.com
०५७-५२०४२९, ५२०२३५



## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

### VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.


मकवानपुरगढी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

मक्रान्चुली, मकवानपुर

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति: २०७९/०४/११)*


यस मकवानपुरगढी गाउँकार्यपालिकाको मिति २०७९/०४/०९ को निर्णयानुसार देहायबमोजिम करार कर्मचारी सेवा करारमा लिनुपर्ने भएकोले ईच्छुक एवं तोकिएको योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हानको लागि सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयमा मकवानपुरगढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयमा दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशिन गरिएको छ ।

**तपसिल**

| विज्ञापन नं. | पद, सेवा, तह | आवश्यक पद संख्या | न्यूनतम शैक्षिक योग्यता र उमेर | दरखास्त दस्तुर | काम गर्नुपर्ने स्थान | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| १/०७८-०७९ | ईन्जिनियर, इन्जि. छैठौं | १(एक) | - मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण गरी कम्तिमा २ (दुई) वर्षको अटोक्याट चलाउन सक्ने अनुभव भएको । - १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । | रु.१०००/- (अक्षरेपी एक हजार मात्र) नविल वैंक लि., मक्रान्चुलीमा रहेको राजश्व खाता नं. २२१०१०१७५०००५५ मा जम्मा गरेको सक्कलै वैक भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ । | मकवानपुरगढी गाउँपालिका | लिखित र अन्तरवार्ता |
| २/०७८-०७९ | सव-ईन्जिनियर | ४(चार) | - १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । - मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याब असिष्टेन्ट कोर्स उत्तीर्ण भई दर्ता म्याद कायम भएको र कम्प्युटरसमेत जानेको हुनुपर्नेछ । | रु.७००/- (अक्षरेपी सातसय मात्र) नविल वैंक लि., मक्रान्चुलीमा रहेको राजश्व खाता नं. २२१०१०१७५०००५५ मा जम्मा गरेको सक्कलै वैक भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ । | मकवानपुरगढी गाउँपालिका तथा अन्तर्गत | लिखित र अन्तरवार्ता |
| ३/०७८-०७९ | वर्थिङ अ.न.मी. | ३(तीन) | - मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्स उत्तीर्ण भई दर्ता म्याद कायम भएको र कम्प्युटरसमेत जानेको हुनुपर्नेछ । - १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । | रु.५००/- (अक्षरेपी पाँचसय मात्र) नविल वैंक लि., मक्रान्चुली मा रहेको राजश्व खाता नं. २२१०१०१७५०००५५ मा जम्मा गरेको सक्कलै वैक भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ । | सामुदायिक स्वास्थ्य इकाइमा १ जना मकवानपुरगढी स्वास्थ्यचौकीमा १ जना र बुढीचौर स्वास्थ्यचौकीमा १ जना | लिखित र अन्तरवार्ता |
| ४/०७८-०७९ | प्रशामक सेवा अ.न.मी. | १(एक) | - मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी./स्टाफ नर्स कोर्स उत्तीर्ण भई प्रशामक सेवा सम्बन्धी आधारभूत तालिम लिएको नर्सिङ काउन्सिलमा दर्ता भई म्याद कायम भएको र कम्प्युटरसमेत जानेको हुनुपर्नेछ । | रु.५००/- (अक्षरेपी पाँचसय मात्र) नविल बैंक लि., मक्रान्चुलीमा रहेको राजश्व खाता नं. २२१०१०१७५०००५५ मा जम्मा गरेको सक्कलै वैक भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ । | मकवानपुरगढी गाउँपालिकाको सबै वडा | लिखित र अन्तरवार्ता |
| ५/०७८-०७९ | Lab Assistant (ल्याब असिष्टेण्ट) | २(दुई) | - १८ वर्ष पूरा भई ४०वर्ष ननाघेको । - मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याब असिष्टेण्ट वा ल्याव टेक्निसियन कोर्स उत्तीर्ण भई काउन्सिलमा दर्ता भई म्याद कायम भएको र कम्प्युटरसमेत जानेको हुनुपर्नेछ । | रु.५००/- (अक्षरेपी पाँचसय मात्र) नविल बैंक लि., मक्रान्चुलीमा रहेको राजश्व खाता नं. २२१०१०१७५०००५५ मा जम्मा गरेको सक्कलै वैक भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ । | आमभन्ज्याङ स्वास्थ्यचौकी र मकवानपुरगढी स्वास्थ्यचौकी | लिखित र अन्तरवार्ता |
| ६/०७८-०७९ | कार्यालय सहयोगी | ११ (एघार) | - पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको - सामान्य लेखापढी गर्न सक्ने - १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । | रु.३००/- (अक्षरेपी तीनसय मात्र) नविल बैंक लि., मक्रान्चुलीमा रहेको राजश्व खाता नं. २२१०१०१७५०००५५ मा जम्मा गरेको सक्कलै वैक भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ । | मकवानपुरगढी गाउँपालिकाको कार्यालयमा २ जना र मकवानपुरगढी गाउँपालिकाका स्वास्थ्यचौकीहरु अन्तर्गत ८ जना तथा वडा नं. ७ को वडा कार्यालयमा १ जना | अन्तरवार्ता |

- **आवश्यक कागजात**: नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नेपाल बाहिरको प्रमाण मात्र भए नेपालको विश्वविद्यालयबाट Equivalence गरिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि), आधारभूत कम्प्युटर तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि दरखास्त साथ पेश गर्नुपर्ने छ । साथै अन्तरवार्ताको दिन उम्मेदवारहरुले सबै प्रमाणपत्रहरु सक्कलै लिई आउनुपर्नेछ ।
- **सेवा सुविधा**:- सम्झौता पत्रमा उल्लेख भएबमोजिम हुनेछ ।
- **सम्पादन गर्नुपर्ने कामको विवरण** (TOR): सम्झौता पत्रमा उल्लेख भएबमोजिम हुनेछ ।
- **दरखास्त फाराम**: makawanpurgadhimun.gov.np बाट Download गर्न सकिनेछ ।
- **दरखास्त दिने अन्तिम मिति**: २०७९/०४/२५ गतेसम्म (कार्यालय समयभित्र)
- यो सूचनाको अन्तिम म्यादको दिन सार्वजनिक विदा परेमा वा पर्न गएमा भोलिपल्ट वा कार्यालय खुलेको दिन समेत दरखास्त दिन सकिनेछ ।
- म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।
- आवेदन परेका मध्येबाट छोटो सुची (Shot List) प्रकाशनपश्चात लिखित र अन्तरवार्ता परीक्षाको मिति तोकिनेछ ।
- सिभिलतर्फका प्राविधिकहरुको हकमा लोक सेवा आयोगसँग माग भैसकेको हुनाले सोही बमोजिम पदपूर्ति भई आएमा वा सो पदको स्थायी कर्मचारी सरुवा भई आएमा त्यस्तो करार सेवा स्वत:अन्त्य हुनेछ ।


रामकुमार पुडासैनी
**प्रमुख प्रशासकीय अधिकृत**


**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४



साझाकुरा
राष्ट्रिय दैनिक
खोजिखोजि पढौं ।



कोरोना
भाइरसबाट
बचौं र बचाऔं ।



**प्रोपाईटर**: बिनोद शाही ☏ ९८४५०२२५३१, ९८१७२२४३६२

## विक्की फ्रेस मिट शप

हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना